# पाँच

# मोरङका समाचारदाता

मोरङ जिल्लालाई कार्यक्षेत्र बनाएर काम गर्ने समाचारदाताहरूको सङ्ख्या पनि अहिलेसम्म थुप्रै पुगिसकेको छ । मोरङमा पत्रिका प्रकाशनको कार्यबाहेक अन्य जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकामा समाचार पठाउने कार्य २००७ साल अघिदेखि नै भएको हो ।

## मोरङको पहिलो समाचारदाता

मोरङमा समाचारदाताको रूपमा कार्य गर्ने पहिलो व्यक्ति हिमालयेश्वरानन्द वैद्य हुन् । वि.सं. १९७९ कात्तिक ४ गते काठमाडौंको यट्खा टोलमा जन्मेका हिमालयेश्वरानन्द वैद्यले २००१ सालतिर विराटनगर आएर औषधिपसलको स्थापनाका साथै वैद्यको काम सुरु गरेको र *गोरखापत्र*को संवाददाताको रूपमा पनि काम गरेको देखिन्छ । नेपाल प्रजा परिषद्का केन्द्रीय सदस्यसमेत रहेका वैद्यले त्यसबखत समाचार हेरी प्रति समाचार ५० पैसा, ७५ पैसा र कुनै-कुनैको रु.१।- सम्म पारिश्रमिक साथै टिकट खर्चवापत चार पैसा पाउँथे । दशैँताका घर गएको बखत आफ्नो समाचारको पारिश्रमिक लिने गरेको संस्मरण उनी अहिले पनि गर्छन् । उनी समाचारदाताको रूपमा कार्यरत् रहँदा प्रेमराज शर्मा *गोरखापत्र*को सम्पादक थिए । उनको पहिलो प्रकाशित समाचार मोरङ हाइड्रो कम्पनीको उद्घाटन र बिजुली वितरणसम्बन्धी थियो ।



हिमालयेश्वरानन्द वैद्य

लक्ष्मीराजभक्त नेपालीले २०१६ सालतिर *समाज* दैनिकको प्रतिनिधिका रूपमा विराटनगरमा रहेर काम गरेको देखिन्छ । पछि उनी दैनिक *नयाँ समाज*सँग पनि सम्बद्ध रहे । तत्कालीन पञ्चायत व्यवस्थाअन्तर्गत् राष्ट्रिय पञ्चायत सदस्य भएको बखत उनी प्रेस काउन्सिल नेपालको सदस्य पनि भए । मोरङबाट काउन्सिलमा प्रतिनिधित्व गर्ने उनी पहिलो व्यक्ति हुन् ।

समाचारदाताका रूपमा कार्यरत् अर्का पत्रकार जीवेश्वरलाल लाखे हुन् । उनले २०२६ सालदेखि त्यसबेलाको महत्त्वपूर्ण पत्रिका *द मदरलैण्ड*का संवाददाताका रूपमा काम गरेका थिए । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सो पत्रिका बन्द भएपछि उनको सक्रियता देखिएको छैन । यसरी लामो समयसम्म समाचार-दाताका रूपमा काम गर्ने पत्रकारहरूमा श्यामसुन्दर श्रेष्ठ (१९८३-२०४५) र नारायण नेपाल (१९८९-२०५२) को नाम अग्रणी रहेको छ । श्यामसुन्दर श्रेष्ठले *नयाँ समाज*को प्रतिनिधि भएर र नारायण नेपालले झापाबाट प्रकाशित हुने *आलोक* र काठमाडौंबाट प्रकाशित हुने *समीक्षा* साप्ताहिकको प्रतिनिधि भएर सेवा गरेका थिए ।

२०३० सालअघिदेखिका संवाददाताहरूमा नारदप्रसाद ओझा, कुमारबहादुर श्रेष्ठ, डम्बरबहादुर थापा, माधव निरौला (२००४-२०६०), चेतनाथ लम्साल, दधिराज सुवेदी, कर्णबहादुर बस्नेत, केशवबहादुर कार्की, जयप्रसाद दाहाल, लेखनाथ निराला, कृष्ण हिमाली, शम्भु कार्की आदि उल्लेखनीय छन् । यीमध्ये नारदप्रसाद ओझा, कुमारबहादुर श्रेष्ठ, केशवबहादुर कार्की र जयप्रसाद दाहालले आ-आफ्ना पत्रिका दर्ता गरेर सम्पादक तथा प्रकाशकका रूपमा आफूलाई बढी सक्रिय बनाएका थिए । अरू भने विभिन्न जिल्लाबाट निस्कने पत्रिकाका संवाददाता थिए । विशेष गरेर डम्बरबहादुर थापाले त्यसबेलाको महत्त्वपूर्ण पत्रिका *मातृभूमि*को प्रतिनिधिका रूपमा दुई दशकभन्दा लामो अवधि सेवा गरेर छुट्टै पहिचान बनाएका थिए । पछि उनले *समीक्षा*का संवाददाताका रूपमा पनि केही समय काम गरे । विपुलेन्द्र चक्रवर्ती पनि केही समय *समीक्षा*को प्रतिनिधि थिए । हाल वरिष्ठ अधिवक्ता रहेका विपुलेन्द्र चक्रवर्ती २०४६ सालअघि नै प्रेस काउन्सिलको सदस्य भएका थिए ।

यसैगरी चेतनाथ लम्सालले त्यसबेलाको चर्चित पत्रिका *नयाँ सन्देश*को प्रतिनिधि भएर लामो अवधिसम्म समाचार सम्प्रेषण गरेका थिए । केशवबहादुर कार्की लामो समयसम्म साप्ताहिक *अर्पण*को प्रतिनिधि रहे । २०३० सालतिर *गोरखापत्र* दैनिकको प्रतिनिधिका रूपमा श्यामदीप थपलिया पनि मोरङमा केही समय कार्यरत रहे । उनको सरुवापछि केदार अधिकारी *गोरखापत्र*को संवाददाता भै यहाँ आएका थिए । कर्णबहादुर बस्नेत *नयाँ किरण* साप्ताहिकसँग सम्बन्धित थिए । शम्भु कार्कीले *चर्चा* साप्ताहिकको प्रतिनिधि भई केही समय काम गरे पनि पछि पत्रकारितालाई पूर्ण रूपमा छाडी न्याय सेवातर्फ लागे ।

## समाचारदाताको बढ्दो सङ्ख्या

२०३० सालको सुरुआत सँगसँगै इन्द्र काफ्ले, प्रमोद प्रधान, जीवछलाल मण्डल, पुष्पराज गड्तौला, गोकुल पोखरेल, भास्कर भद्रा, मोहन अधिकारी, गुणराज ढुङ्गेल, किशोर विश्वकर्मा र कुवेर कार्की आदिले विभिन्न पत्रिकाका संवाददाताका रूपमा मोरङमा काम गरेको देखिन्छ । तीमध्ये इन्द्र काफ्ले, प्रमोद प्रधान र पुष्पराज गड्तौला बाहेक अरू सबैले अहिले पत्रकारिता छाडिसकेका छन् । इन्द्र काफ्लेले *समाज* दैनिक, *सूर्योदय* (झापा), *समीक्षा* साप्ताहिक, *कान्तिपुर* र *स्पेशटाइम* दैनिकको प्रतिनिधि भई विभिन्न समयमा काम गरे । प्रमोद प्रधानले सुरुमा *नेपाल समाचारपत्र* दैनिकको प्रतिनिधि भै काम गरे । पुष्पराज गड्तौलाले *पुष्पाञ्जली*को दर्ता लिनु अघि *तर्क* साप्ताहिकको प्रतिनिधि थिए । किशोर विश्वकर्माले *जागृति* साप्ताहिकको संवाददाताको रूपमा केही वर्ष काम गरेपछि बीचमा केही समय विराटनगर उपमहानगरपालिकामा काम गरे । तर पछि सो जागिर छाडेर काठमाडौं गएको र त्यहाँ पत्रकारितामा पुनः संलग्न भएको देखिन्छ । सोहन रौनियार पनि त्यसताका विभिन्न पत्रिकाको प्रतिनिधि भएका थिए । दधिराज सुवेदीले *राष्ट्रपुकार*को संवाददाता भई २०३६ सालतिर काम गरेको देखिन्छ ।

२०३६ सालमा उत्तमराज कोइरालाले *कोसेली*को प्रतिनिधि भई थोरै समय काम गरेर छाडेपछि २०४५ सालदेखि पुनः पत्रकारितामा संलग्न भएका छन् । उनी पत्रिकामा *विमर्श, जनज्योति, पुनर्जागरण* र *नेपालवाणी*मा संलग्न छन् । मोहन भण्डारीले २०३९ देखि निरन्तर सक्रिय पत्रकारको रूपमा आफूलाई प्रस्तुत गरेका छन् । यस अवधिमा उनले *जनसंवाद, युगसंवाद, जनमञ्च, श्रीसगरमाथा, काठमाण्डु टुडे, देशान्तर* र *हिमाल*का प्रतिनिधि भएर काम गरेको पाइन्छ । सुवास ढकाल पनि विराटनगरका सक्रिय पत्रकारका रूपमा स्थापित व्यक्ति हुन् । ती विराटनगरमा रहँदा थुप्रै पत्रिकाको समाचारदाताका रूपमा सक्रिय थिए । तर प्रजातन्त्रको पुनर्स्थापनापछि उनी विराटनगर छाडेर काठमाडौंमा पत्रकारिता गर्दैछन् र हाल कान्तिपुर पब्लिकेशन्सको *नारी* र *साप्ताहिक*को कार्यकारी सम्पादक छन् ।

रामरिझन यादव र यज्ञ शर्मा दुबै २०४६ को अन्त्यदेखि निरन्तर पत्रकारितामा संलग्न छन् । रामरिझन यादव विभिन्न समयमा विभिन्न पत्रिकाको प्रतिनिधि भए पनि पछिल्लो समयमा आफैँले पत्रिका दर्ता गरेर सम्पादक र प्रकाशकका रूपमा देखिन पुगे । यज्ञ शर्मा भने *दृष्टि, बुधवार*को प्रतिनिधि हुँदै अहिले *नेपाल समाचारपत्र* र *महानगर*को क्षेत्रीय प्रतिनिधि बनेका छन् । टंक खनालले पनि २०४८ देखि निरन्तर रूपमा समाचारदाताका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । विभिन्न छापा पत्रिका र विद्युतीय सञ्चार माध्यम दुबैमा उनको संलग्नता रहेको छ । हाल उनी *राजधानी दैनिक* र बीबीसीका प्रतिनिधि हुन् । शंकर लुइँटेल *जनभावना*सँग लामो

समयदेखि सम्बद्ध छन् । नारायणबाबु कार्कीले फाटफूट रूपमा पत्रकारितामा सक्रियता देखाएका छन् । २०४६ सालपछि ठूलो जमात नै पत्रकारिताको क्षेत्रमा संलग्न रहेको छ र त्यसमा संवाददाताहरूको सङ्ख्या उल्लेखनीय छ ।

विशेषगरी २०५० पछि समाचारदाताका रूपमा रहेर काम गर्नेहरूको सङ्ख्या मोरङमा प्रशस्तै छ । अनन्तराज न्यौपाने, शरदराज सुवेदी, केदार रिजाल, दीपेन नेउपाने, दीपक दाहाल, मधुसूदन ज्ञवाली, चक्रपाणि खनाल, महेन्द्र विष्ट, हेमराज पन्त, सूर्यनारायण यादव, नरेन्द्र बराल, जीतेन्द्रप्रसाद साह, नारानकुमार दाहाल, भारती उपाध्याय, धर्मराज ढकाल, जनार्दन मैनाली, ब्रह्मदेव यादव, माधव अधिकारी, शेखर रेग्मी, अखण्ड भण्डारी, सूर्य नेपाल, अच्युत कोइराला, अश्विनी कोइराला, विक्रम निरौला, विक्रम लुइँटेल, सुनिल न्यौपाने, अविजाल विष्ट, शम्भु पोखरेल, बन्धु पोखरेल, शम्भु भण्डारी, कमल रिमाल आदि अहिले विभिन्न पत्रपत्रिकासँग सम्बद्ध रहेर काम गरिरहेका छन् ।

*कान्तिपुर* दैनिकका प्रतिनिधिका रूपमा शंकर खरेल र विकास थापा केही वर्ष विराटनगरमा काम गरिसकेपछि हाल काठमाडौंमा सरुवा भै कार्यरत छन् । मोरङमा अहिले हर्ष सुब्बा, विनोद भण्डारी र सुरेश निरौला गरी *कान्तिपुर*को तीनजना प्रतिनिधिका छन् । यस्तै *नेपाल समाचारपत्र*का प्रतिनिधिका रूपमा यज्ञ शर्मा, शम्भु भण्डारी र विक्रम लुइँटेल तीनजना छन् भने *गोरखापत्र*का प्रतिनिधि शरदराज सुवेदी हुन् । शरदराज सुवेदीभन्दा अघि *गोरखापत्र*का प्रतिनिधि भई जनार्दन निरौला, चक्रपाणी खनाल र महेन्द्र विष्टले काम गरिसकेका छन् । *स्पेशटाइम*को प्रतिनिधि अनन्तराज न्यौपाने र प्रह्लाद गुरागाईं, *राजधानी*का प्रतिनिधि विक्रम निरौला र टंक खनाल, *अन्नपूर्ण पोष्ट*का प्रतिनिधि शेखर रेग्मी र सुनिल न्यौपाने अहिले मोरङमा सक्रिय छन् । विराटनगरमा बसेर संवाददाताका रूपमा कार्यरत अन्य केही प्रमुख नाम विजयकुमार पाठक, दिनेश श्रेष्ठ, डिल्ली पोखरेल, होमनाथ घिमिरे, दीनदया रिजाल, ईश्वर सेढाईं, विष्णुकुमार गौतम, कुमार अधिकारी, विजय खतिवडा, नरेन्द्र दाहाल, मदनकुमार प्रसाईं, अशोक पौडेल, पूर्ण भुजेल आदि हुन् । यसैगरी रेडियो नेपालको प्रतिनिधिका रूपमा सुरूमा टंक खनालले काम गरेका थिए भने पछि गुरुराज घिमिरेले पनि केही समय काम गरे । अहिले कुमोद अधिकारी रेडियो नेपालको प्रतिनिधि छन् ।

मोरङको पथरीमा बसेर संवाददाताको काम गर्नेहरूमा दीपेन्द्रराज तिम्सिना, केदार चौहान, लीलाराज भट्टराई, भरत भट्टराई, उत्तम सौखी बान्तवा, मनकुमार राई, शेखर अधिकारी, ध्रुव भट्टराई र मनु साम्पाङ हुन् । अमरदहका सन्तोष कार्की र सागर सुब्बा, वयरवनका नारायण पोखरेल, उर्लाबारीका घनश्याम भण्डारी, बेलबारीका प्रेम बाँस्तोला आदिले पनि आ-आफ्ना गाउँबाटै समाचारदाताका रूपमा काम गरिरहेका छन् ।